खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**
संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित छ ।
2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान
फोन नं.:044-435-7000　फ्याक्स नं.:044-435-7010　https://www.kian.or.jp/ ईमेल:kiankawasaki@kian.or.jp

*************************************************************************************

## विदेशीहरुको लागि "नगरपालिकाले व्यवस्थापन गर्ने आवासको आवेदन फारम" भर्ने तरिका सिकाउने कार्यक्रम

नगरपालिकाले व्यवस्थापन गर्ने आवासको आवेदन दिने इच्छा छ तर फारम भर्ने तरिका थाहा छैन...
त्यसता व्यक्तिलाई सँगै बसेर आवेदन फारम भर्न सिकाउनुको साथै त्यहि बेला भरेको फारम बुझाउन सहयोग गर्नेछौं। (अंग्रेजी, चाइनिज, पोर्तुगाली, तागालोग, नेपाली भाषाको अनुवाद सुविधा उपलब्ध छ।)




**मिति र समय: जुन 13 तारिख (शनिबार)　बिहान 10:00 देखि 12:00**　　नि:शुल्क

**स्थान:　खावासाकी अन्तर्राष्ट्रिय केन्द्र**

**आवेदन दिने म्याद: जुन 10 तारिख (बुधबार) साँझ 4:30 सम्म फोन, ईमेल अथवा केन्द्रमा आएर बुकिंग गर्नुहोस्।**

**फोन नं. : 044-435-7000　　ईमेल: soudan39@kian.or.jp**

नगरपालिकाले व्यवस्थापन गर्ने आवास भनेको आवासको समस्या परिरहेको र आम्दानी कम भएकाहरु लक्षित सस्तो भाडामा बस्न मिल्ने गरि सरकार र नगरपालिका मिलेर बनाएको नगरपालिकाको स्वामित्वमा रहेका घरहरु हुन्। निजी आवास भन्दा फरक रहेको यस किसिमको आवासको आवेदनको बेला र बसेपछि पनि आय मापदण्ड जस्ता विभिन्न नियमहरु छन्। कुनै किसिमको विशेष शुल्क तथा नवीकरण शुल्क लाग्दैन। तर प्रत्येक वर्ष तपाईको आय सर्वेक्षणबाट प्रयोग शुल्क (भाडा) निर्धारण हुने गर्छ।



**आवेदनको लागि योग्यता :** (1) 18 वर्ष अथवा सो भन्दा माथिको व्यक्ति (वयस्क)
(2) सम्बन्धित नगरमा बस्ने वा नगरको कार्यालयमा 1 वर्ष वा सोभन्दा बढि काम गरेको व्यक्ति
(3) तोकिएको मासिक आम्दानी भन्दा बढी नभएको व्यक्ति
(4) आवासको समस्या परिरहेको व्यक्ति

*************************************************************************************

## विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

＊समूहमा पढाइन्छ (एउटा कक्षा लगभग 10 जना जति) , जापानको संस्कृति र प्रकोप रोकथामको सम्बन्धित कार्यक्रमहरु पनि हुन्छ।




**बिहानको कक्षा प्रत्येक मंगलबार र शुक्रबार　बिहान 9:50 बाट 11:50**

| | | | |
|---|---|---|---|
| पहिलो सेमेस्टर | अप्रिल 14 (मंगलबार) - जुन 30 (मंगलबार) | (22 पटक) | 12,100 येन |
| दोस्रो सेमेस्टर | सेप्टेम्बर 8 (मंगलबार) - नोभेम्बर 26 (शुक्रबार) | (22 पटक) | 12,100 येन |
| तस्रो सेमेस्टर | 2027 साल जनवरी 12 (मंगलबार) - मार्च 12 (शुक्रबार) | (17 पटक) | 9,350 येन |

※बच्चा हेरिदिने सुविधा छ। (1 वर्ष भन्दा माथिको / नि:शुल्क) पाठ्यक्रमको शुल्क अलगै लाग्छ।

**साँझको कक्षा प्रत्येक बुधबार　साँझ 6:30 बाट 8:30**



| | | | |
|---|---|---|---|
| पहिलो सेमेस्टर | अप्रिल 8 (बुधबार) - जुलाई 8 (बुधबार) | (12 पटक) | 6,600 येन |
| दोस्रो सेमेस्टर | सेप्टेम्बर 2 (बुधबार) - डिसेम्बर 16 (बुधबार) | (15 पटक) | 8,250 येन |
| तस्रो सेमेस्टर | 2027 साल जनवरी 13 (बुधबार) - मार्च 10 (बुधबार) | (9 पटक) | 4,950 येन |

※बच्चा हेरिदिने सुविधा छैन्। पाठ्यक्रमको शुल्क अलगै लाग्छ।

स्थान: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र　　　सम्पर्क: खावासाकी अन्तर्राष्ट्रिय संघ
फोन नं. : 044-435-7000　　ईमेल: soudan39@kian.or.jp

※मितिहरु परिवर्तन हुन सक्छ।

# खावासाकी प्राकृतिक प्रकोप रोकथाम एप

प्राकृतिक प्रकोपसम्बन्धी रेडियो प्रसारण तथा विभिन्न आपतकालीन अवस्थाका जानकारीहरू प्रत्यक्ष रूपमा प्राप्त गर्न सकिनेछ। साथै, जारी गरिएको सुरक्षित स्थानमा जान र सुरक्षित स्थानहरूको जानकारी (व्यवस्थापन र भीड) नक्सामा हेर्न सक्नुहुन्छ। त्यसैगरी, नक्सामा बाढी, पहिरो, सुनामी, ढलको पानी, आँधीबेहरी आदि जोखिममा रहेका क्षेत्रहरू पनि देखिन्छ, जसबाट जोखिम अवस्थाको जानकारी प्राप्त गर्न सकिन्छ। यसका अतिरिक्त, “तयारी गर्नुहोस्। खावासाकी” एप र प्राकृतिक प्रकोप रोकथाम च्यानलमार्फत प्रकोपको समयमा आफ्नो सुरक्षाका लागि आवश्यक तयारीसम्बन्धी विभिन्न जानकारीहरू पनि खोज्न सकिन्छ।

भाषाहरु: **जापानिज भाषा, अंग्रेजी भाषा, कोरियाली तथा उत्तर कोरियाली भाषा, चाइनिज भाषा (सरलीकृत र परम्परागत)** मा जानकरी उपलब्ध छ।



App Store Google Play

**********************************************************************************************

# खावासाकी शहरको साकुरा (चेरी) को फूल हेर्ने ठाउँहरु



खावासाकी शहरमा विभिन्न किसिमको आकर्षण भएको पार्क र हरियाली ठाउँहरु धैरै छन्। ती मध्येपनि मुख्यतया साकुरा (चेरी) को फूल हेर्नको लागि राम्रो केही ठाउँहरु परिचय गराउँदैछौं।
समय मिलाएर हेर्न जानुहोला।

**युमेमिगासाकी चिडियाखाना पार्क (साइवाइ-कु / JR सिनखावासाकी स्टेशन अथवा खासिमादा स्टेशन)**

चिडियाखानाभित्र विभिन्न स्थानहरुमा साकुराका रुखहरु रोपिएका छन्। जहाँ जनावरहरु र साकुराका फूलहरुको आनन्द एकै समयमा लिन सक्नुहुन्छ। सोमेई योशिनो र जंगली साकुराका रुखहरु सहित लगभग 400 वटा रुखहरु छन्।

**सुमियोशि साकुराको फूल (नाकाहारा-कु / टोक्यु टोयोको लाइन अथवा टोक्यु मेगुरो लाइन, मोतोसुमियोशी स्टेशन)**

नदीमाथि झुण्डिए जस्तै ढकमक्क फुलेका साकुराका रुखहरु, शिबुकावा नदीको किनारमा सोमेई योशिनो साकुराका रुखहरु लगभग 2 किलोमिटरसम्म ढकमक्क फुल्छन्। नजिकैको नाकाहारा पीश पार्कमा पनि साकुरा फूलहरूको दृश्यको आनन्द लिन सक्नुहुन्छ। जहाँ लगभग 250 वटा योशिनो साकुराका रुखहरु छन्।

**निखार्योउ योसुइ (तामा वार्ड / JR नाम्बु लाइन "स्युकुगावारा स्टेशन" बाट हिडेर लगभग 2 मिनेट)**

एडो कालमा निर्मित ऐतिहासिक सिँचाइका नहरहरु र नहरको छेउमा लगभग 400 वटा साकुराका रुखहरु करिब 2 लोमिटरसम्म लहरै फैलिएका छन्।

*******************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**जापानमा बसोवास गर्दै गर्दा समस्या परेमा वा प्रश्नहरु भएमा नहिचकिचाई हामीलाई सम्पर्क गगर्नुहोस्। (नि:शुल्क हो।)**

## ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ !

बुकिंग होमपेज बाट गर्नुहोस्

फोन नं.: **044-455-8811**

परामर्शको समय: **बिहान 9 बजे बाट** साँझ **5 बजे**

तालिका सूचीमा नभएका भाषाहरु र तोकिएको भाषा बोल्ने परामर्श दाता भएको दिनहरु बाहेका दिनहरुमा पनि परामर्श लिन सक्नुहुन्छ। (फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर)

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, नेपाली, कोरियान, थाई, भियतनामी | सोमबार देखि शनिबार | परामर्श दाताले बोल्न सक्ने भाषाहरु (※**नोट**) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श गरिनेछ। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |
| हिन्दी, फ्रान्सेली, रुसी, मलाय, बर्मेली | सोमबार देखि शुक्रबार | फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ। |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

# प्रशासनिक अधिकृत बाट नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धैरै भएता पनि मुख्यतया **विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी, उत्तराधिकार सम्बन्धि इच्छापत्र तयारी** आदि हुन।

**प्रत्येक महिनाको तेस्रो आइतबार परामर्श सेवा उपलब्ध छ।** जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि सशुल्क अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सक्नुहुन्छ।

**2026/4/19 र 2026/5/17 (आइतबार)** दिउँसो **2 बजे बाट 4 बजे** (केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा)